# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ मितिः २०७९/११/११

**भाग-१**

**तुम्बेवा गाउँपालिका, पाँचथरद्वारा प्रकाशित**


# प्रशासकीय कार्यबिधि -नियमित गर्ने_ ऐन, २०७९

आज्ञाले,

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# तुम्बेवा गाउँपालिका, पाँचथरको

## प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन, २०७९

तुम्बेवा गाउँ सभाबाट स्वीकृत मितिः २०७९/११ /११

# तुम्बेवा गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**मौवा, पाँचथर**

**प्रदेश नं. १, नेपाल**

# तुम्बेवा गाउँपालिका, पाँचथर

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

**गाउँ सभाबाट स्वीकृत मिति :** २०७९/११/११

**<u>प्रस्तावना:</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तुम्बेवा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> :** (१) यो ऐनको नाम तुम्बेवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ रहेको छ।

(२) यो ऐन तुम्बेवा गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. <u>परिभाषा</u> :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले तुम्बेवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले तुम्बेवा गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले तुम्बेवा गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त तुम्बेवा गाउँ कार्यपालिका र कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:</u>** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही तुम्बेवा गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

**५. खारेजी तथा बचाउ :** (१) यो ऐन लागु हुनु भन्दा अगावै भए गरेका कामकाज यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यस ऐनमा व्यवस्था भएको प्रावधान प्रचलित कानून सँग बाझिएको हकमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ।

(३) यो ऐन आवश्यकता अनुसार गाउँसभाले संशोधन गरी लागु गर्न सक्नेछ।